# सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## गणतन्त्र दिवसको शुभकामना

गणतन्त्र प्रासिका लागि विभिन्न कालखण्डमा भएका सशस्त्र संघर्ष, जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनका क्रममा जीवन बलिदान दिनुहुने सम्पूर्ण सहिदहरुप्रति हार्दीक श्रद्धाञ्जली अर्पण गर्दै संघर्षका क्रममा घाइते हुनुभएका योद्धाहरुको स्वास्थ्य लाभको कामना र उहाँहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै यस अवसरमा सबै नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा राष्ट्रिय एकता प्रवर्द्धन र सम्बर्धन गराउँदै राष्ट्र निर्माणमा एक जुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

विकासका लागि हाम्रो प्रस्थान विन्दू सबैलाई खाद्य व्यवस्था, सुरक्षित आवास, एक घर एक रोजगार, माध्यामिक शिक्षा सम्म अनिवार्य शिक्षा, स्वास्थ्य एवं सुरक्षा हो । जनताको अनुहार मलिन हुने विवशता अन्त्य गर्ने संकल्प मैले लिएका छु । यस संकल्पलाई सार्थक बनाउन स्थानीय सरकारको दृढ उद्देश्य भएको हुँदा त्यसका लागि विभिन्न, पेशा, क्षेत्र, व्यवसायमा संलग्न सुनिलस्मृति गाउँपालिका वासिहरुको बलियो साथ रहनेमा मैले विश्वास लिएको छु । गणतन्त्र दिवसले गणतन्त्रको मर्यादा, गणतान्त्रिक संस्थाहरुको मर्यादा र गणतान्त्रिक प्रकृयाको सम्मान गर्न समेत सिकाएको छ । गणतन्त्र जनता सार्वभौमसत्ता सम्पन्न हुने प्रणाली भएको हुँदा गणतन्त्र रक्षाका लागि सबै एकजुट भई लाग्न अनुरोध गर्दछु । साथै गणतन्त्रको जुन विश्वव्यापी मूल्यमान्याता रहेको छ, सो अनुरुपको मर्म, भावना, उद्देश्य अनुरुप समय सापेक्ष गतिशीलता प्रदान गर्दै अगाडि बढ्नु हामी सबैको दायित्व हो । गणतन्त्रको मूल्य मान्यता विपरित कोहि पनि पन्छिन मिल्दैन, कोही आफ्नो दायित्वबाट पन्छिन खोजेमा त्यो देश र जनता प्रतिको विश्वासघात हुने छ ।

अन्त्यमा यस अवसरमा संविधानको मर्म र भावना अनुसार अघि बढ्न, राष्ट्रहित, गणतन्त्र र संविधानको रक्षार्थ एकजुट हुँदै उद्देश्यप्रति समर्पित हुन सबैमा प्रेरणा मिलोस्, सम्पूर्ण नेपालीहरुमा १७ औं गणतन्त्र दिवसको हार्दिक बधाई एवं शुभकामना !

१५ जेठ २०८१
११४४ बछलागा पञ्चमी

..................
(मणिराम वुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष